# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**

तेतरिया,मोरङ
Tetariya,Morang
प्रदेश नं. १, नेपाल
Province no.1, Nepal


पत्र संख्या : २०७७/०७८
Ref.No :2077/078
चलानी नं. :

कृषि विकास शाखा

## सिंचाई बोरिङ कार्यक्रमको प्रस्ताव आह्वान गरिएको सुचना

प्रथम पटक प्रकाशित मिति: २०७८/१/१६

उपरोक्त सम्बन्धमा यस ग्रामथान गाउँपालिका आ.ब. २०७७/०७८ कृषि विकास शाखाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत आन्तरीक श्रोत अनुदान तर्फ आठौं गाउँसभा बाट परिवर्तित कार्यक्रम सिंचाई बोरिङ कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको हुँदा ईच्छुक कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति र कृषि फर्म/कृषि संस्थाहरुले सुचना प्रकाशन भएको मितिले १५ औं दिन मिति: २०७८/१/३१ गते भित्र यस ग्रामथान गाउँपालिका कृषि विकाश शाखामा आवेदन दर्ता गर्नुहुन यसै सुचना मार्फत सबैमा जानकारी गराईन्छ । साथै रित नपुगी र म्याद नाघि आएको आवेदन लाई यस कार्यक्रममा समावेश गराईने छैन । उक्त कार्यक्रम सम्बन्धी थप जानकारीको लागी ग्रामथान गाउँपालिका कृषि विकाश शाखामा सम्पर्क गर्न सकिनेछ ।

निवेद साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:-

१. रु. १०/- को टिकट टाँस सहितको रु. १००/- को आवेदन फारम ।
२. सिंचाई बोरिङ आयोजना माग गर्ने कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/ कृषि संस्था र कृषि फर्म नेपाल सरकारको आधिकारीक निकायमा दर्ता/नविकरण/स्थायी लेखा नं लिएको प्रमाणपत्र प्रतिलिपी र निर्णय प्रतिलिपी ।
३. कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति र कृषि फर्मका पदाधिकारीहरुको नागरीकता प्रतिलिपी, धनि पुर्जा प्रतिलिपी अनिवार्य पेश गर्नुपर्ने छ ।
४. कृषि सहकारीको हकमा आ.व. २०७६/०७७ को लेखा परिक्षण/ कृषि फर्मको हकमा २०७६/०७७ को कर चुक्ता प्रमाण पत्र प्रतिलिपी ।
५. आर्थिक, सामाजीक तथा प्राविधिक र वातावरणिय दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।
६. योजना माग गर्ने कृषकहरुले योजना सञ्चालन भएपछि एक बाली व्यवसायीक खेती सहित कम्तीमा बार्षिक दुई बाली लगाउने प्रतिवद्धता पनि जनाउनुपर्नेछ ।
७. सिंचाईका अन्य वैकल्पीक स्रोत नभएको स्थानलाई प्राथमिकता दिईनेछ ।
८. सतह सिंचाई प्रणालीको सिंचित सुविधा उपलब्ध हुन नसक्ने वा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध हुन नसक्ने क्षेत्रभित्र योजना छनौट गर्न सकिनेछ ।
९. गा.पा.ले तोकेको प्राथमिकता प्रदत्त उत्पादन क्षेत्र,बाली तथा सामूहिक खेती गरिएको क्षेत्रलाई प्राथमिकता दिईनेछ ।
१०. वडा कार्यालयको सिफारीस ।
११. आयोजना माग गर्ने कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति र कृषि फर्मले आयोजनाको जडान (नगद, जिन्सी वा श्रमदान) आफु सम्पूर्ण खर्च ब्यहोर्नु पर्नेछ भने कुल लागतको ३ प्रतिशत कन्टेन्जेन्सिको लागी कट्टा गरिनेछ ।

सुरेन्द्र कुमार माझी
कृषि शाखा प्रमुख

गणेश बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ: श्री सुचना प्रविधि शाखा, सुचना वेब साईटमा राखिदिनुहुन ।


वेबसाईट: http://gramthanmun.gov.np/ ईमेल: ito.gramthanmun@gmail.com